सुदूरपश्चिम प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
धनगढी, कैलाली, नेपाल

## रेडियो एफ. एमहरुको पूँजिगत क्षमता विस्तार अनुदान सम्बन्धी सार्वजनिक सूचना

सूचना प्रकाशित मिति: २०८०/०२/२२
म्याद समाप्त हुने मिति: २०८०/०२/३१

यस आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलालीको आ. ब. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस सुदूरपश्चिम प्रदेशमा संचालनमा रहेका रेडियो एफ. एम.को पूँजिगत क्षमता विकासका लागि अनुदान कार्यक्रम रहेकाले रेडियो, एफ. एम. अनुदान वितरण कार्यविधि, २०८० को अनुसूचि-१ बमोजिमको ढाँचामा तपसिल बमोजिमका कागजात संलग्न राखि आ. ब. २०७७/७८ तथा २०७८/७९ मा यस मन्त्रालयबाट अनुदान नपाएका इच्छुक रेडियो एफ. एम.ले यो सूचना प्रकाशित भएको मितिले १० (दश) दिनभित्र यस मन्त्रालयमा प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:

(१) प्रचलित कानुनबमोजिम रेडियो, एफ.एम. दर्ता प्रमाणपत्रको प्रतिलिपि,
(२) रेडियो, एफ.एम. सञ्चालन सम्बन्धी इजाजतपत्र र इजाजतपत्र नविकरण गरेको प्रमाण,
(३) नियमित प्रसारण भएको एक बर्ष पुगेको देखिने कागजात,
(४) रेडियो, एफ.एम.को स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,
(५) सञ्चालकको नाम, ठेगाना, सम्पर्क नम्बर सहितको विवरण,
(६) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
(७) नियमित प्रसारणमा रहेको देखिने प्रमाण,
(८) संचालक समितिले अनुदान माग गरेको निर्णयको प्रतिलिपि,
(९) रेडियो, एफ.एम.को विधान/प्रवन्धपत्र, भौतिक संरचना, उपकरण, प्रसारण क्षेत्र, जनशक्ति तथा आर्थिक विवरण समेत समेटेको प्रस्ताव,

पुनश्च:

उपरोक्त सम्बन्धमा यस मन्त्रालयको वेवसाइटमा प्रकाशित मिति २०८०/०२/१९ गतेको सार्वजनिक सूचना प्राविधिक कारणवश राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित हुन नसकेकाले यसै सूचनासाथ आज मिति २०८०/०२/२२ गते देखि मिति २०८०/०२/३१ गते सम्म माथि उल्लिखित व्यहोरा अनुसार यस मन्त्रालयमा रेडियो एफ. एम. अनुदान सम्बन्धी प्रस्ताव पेश गर्नहुन जानकारी गराइन्छ। साथै माथि उल्लिखित सार्वजनिक सूचना मिति २०८०/०२/२२ गतेको पश्चिम नेपाल दैनिक पत्रिकामा प्रकाशित गरिएको बेहोरा पनि जानकारी गराइन्छ।

(लक्ष्मीप्रसाद जोशी)
कानुन अधिकृत